जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ३० २०८० साल भदौ ६ गते बुधबार (23 Aug. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : समाजको महारोग बन्दैछ.. ३ पृष्ठमा : संविधानको जिम्मेवारी कसरी.. ३ पृष्ठमा : पूर्वप्रधानमन्त्री सिनावात्रालाई..

# झुठो विवरणमा नेपाली नागरिकता लिएको भन्दै मण्डल दम्पत्ति बिरुद्ध उजुरी

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तरीका एक दम्पती विरुद्ध झुठो विवरणमा नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ६ बथनाहा बस्ने विजय कुमार मण्डल र उनकी पत्नी अम्बिका विरुद्ध उजुरी परेको हो ।


सोही वडा निवासी भिखारी मण्डलले तीन दिन अघि जिल्ला प्रशासन कार्यालय सप्तरीमा जोहरी दरखास्त बुझाएका हुन् । यता जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालयमा लेखी पठाएपछी मंगलबारदेखि अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

जाहेरी दरखास्तमा भारत बिहार राज्य, जिल्ला मधुवनी, प्रखण्ड खजौली मुख्यग्राम चंद्रडिह पंचायत वडा ८ निवासी ४५ वर्षिय अम्बिका कुमारी मण्डलले झुटो विवरण पेश गरी २०६३ साल चैत्र २९ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट बंशजको (ना.प्र.नं १६३०८६/४२५) नागरिकता प्राप्त गरेको उल्लेख छ ।

जाहेरीकर्ता भिखारी मण्डलका अनुसार अम्बिका अहिले पनि भारतको चंद्रडीह ग्रामपंचायत वडा ८ स्थित सरकारी नव सृजित प्राथमिक विद्यालयमा शिक्षिकाको रुपमा कार्यरत छिन् ।

भारत बिहार राज्यको निर्वाचन आयोगद्वारा जारी २०२३ को मतदाता सूचिमा अम्बिकाको मतदाता क्रम संख्या २६४, गृहसंख्या २५ र पिनकोड ८४७२२८ रहेको छ । यस्तै पतिको नाम विजय कुमार मण्डल तथा बुवाको नाम सीता राम मण्डल उल्लेख छ । तर अम्बिकाले नेपालबाट प्राप्त गरेको नागरिकतामा श्रीमानको नाम विजय कुमार मण्डल रहेपनि बुबाको नाम अन्तराम मण्डल उल्लेख छ ।

एउटै व्यक्तिले भारतमा अर्कै र नेपालमा अर्कै बुबाको नाम राखी झुटो विवरण पेश गरी नागरिकता लिएको दाबी गर्दै भिखारीले यसको सुक्ष्म अनुसन्धान गरिए सबै सत्य


ELECTION COMMISSION OF INDIA
ELECTOR PHOTO IDENTITY CARD
DFV4249660
Name : VIJAY KUMAR MANDAL
Father Name : UKTI NARAYAN MANDAL

तथ्य बाहिर आउने जाहेरी दरखास्तमा उल्लेख गरेका छन् ।

यस्तै उनका श्रीमान विजयले पनि झुटो विवरण पेश गरी भारत र नेपाल दुबै देशको नागरिकता लिएको जाहेरीमा उल्लेख गरिएको छ । भिखारीले प्रमाणका रुपमा विजयले पनि भारत सरकारको निर्वाचन आयोगबाट प्राप्त गरेको परिचय पत्र जाहेरी संगै पेश गरेका छन् ।

उक्त परिचय पत्रमा विजय कुमार मण्डलको ठेगाना भारत विहार राज्य, जिल्ला मधुवनी, प्रखण्ड खजौली, मुख्यग्राम चन्द्रडीह पंचायत वडा नं ८, मतदाता क्रम संख्या ९४ गृहसंख्या २३ र पीनकोड ८४७२२८ रहेको उल्लेख छ ।

विजयले २०४४ साल चैत्र ८ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्राप्त गरेको नागरिकता (ना.प्र.न १७२१२६९५) मा ठेगाना सप्तरीको तत्कालिन औरही गा.वि.स.५ (हाल डाक्नेश्वरी नगरपालिका ६)उल्लेख छ ।

जाहेरी दरखास्त मार्फत झुटो विवरण पेश गरी अम्बिकाको नेपाली नागरिकता निकाल्ने क्रममा नक्कली बुवा बनेर सघाएका डाक्नेश्वरी नगरपालिका ६ का ७५ वर्षिय अन्तराम मण्डलमाथी समेत नागरिकता कसुर सम्बन्धि मुद्दा चलाउन अनुरोध गरिएको छ ।

भिखारीले जाहेरी झुठा ठहरिए कानुन बमोजिमको सजाय भोग्न समेत तयार रहेको उल्लेख सहित प्रहरी अनुसन्धान वा अदालतमा मुद्दा चल्दा खोजेको बखत उपस्थित हुने जाहेरी दरखास्तमा उल्लेख गरेका छन ।

# आँखा पाक्ने रोगमा 'इन्टेरो भाइरस' संक्रमण धेरै

काठमाडौँ, ५ भदौ (रासस) ।

नेपालमा अहिले देखिएको आँखा पाक्ने रोग (भाइरल कन्जङ्क्टिभाइटिस ) मा इन्टेरो भाइरस सङ्क्रमण बढी भएको पाइएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको १० नमुना परीक्षणमा ८० प्रतिशतमा इन्टेरो भाइरस सङ्क्रमण देखिएको प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीले जानकारी

***बाँकी अन्तिम पृष्ठमा***

# नवनिर्मित प्रहरी बिट र यात्रु प्रतिक्षालयको संचालनमा




**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

राजविराज वडा नं. ५ स्थित कुनौली मोडमा मंगलबार नवनिर्मित प्रहरी बिट र यात्रु प्रतिक्षालयको उदघाटन पश्चात् हस्तारण गरिएको छ ।

समाजसेवी शिवनन्दन यादब र श्रीमती रेखा यादबको सौजन्यमा निर्माण गरिएको प्रहरी बिटसँगै प्रतिक्षालयको एक कार्यक्रम बिच सप्तरी प्रहरी प्रमुख नरेन्द्र कार्कीलाई हस्तान्तरण गरिएको हो ।

सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय यादव दम्पत्तिको सहयोगमा प्रहरी बिट निर्माण भएको तथा मंगलबारबाटै संचालनमा समेत आएको जनाएको छ ।

उक्त अवसरमा जसपा जिल्ला अध्यक्ष केदार यादव, राजविराज वडा नं. ५ का अध्यक्ष बन्धु दास, वडा २ का अध्यक्ष अरूण यादव, समाजसेवी हितनारायण लाल दास, सिटिजन बैंकका राजविराज शाखा प्रमुख राजकुमार यादव, समाजसेवी शेरू खान लगायत सर्वसधारणहरूको उपस्थिति रहेको थियो ।

# जसपाले तोक्यो प्रदेश र विभागको जिम्मेवारी

काठमाडौँ, ५ भदौ (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्ना पार्टीका नेताहरूको प्रदेश र विभागको जिम्मेवारी तोकेको छ । सो पार्टीको सम्पन्न केन्द्रीय कार्यकारिणी समितिको बैठकले प्रदेश र विभागको जिम्मेवारी तोकेको हो ।

पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य सुशिला श्रेष्ठलाई बागमती प्रदेश इन्चार्ज, राजकिशोर यादवलाई लुम्बिनी प्रदेश इन्चार्ज, प्रकाश अधिकारीलाई कर्णाली प्रदेश इन्चार्ज र गोविन्द चौधरीलाई सुदूरपश्चिम प्रदेश इन्चार्ज तोकेको सो पार्टीका केन्द्रीय प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकले कार्यकारिणी समिति सदस्य परशुराम बस्नेतको अध्यक्षतामा चन्देश्वरप्रसाद सिंह, पेशल ढकाल, न्हुच्छेलाल महर्जन र ई देवनारायण यादव रहेको केन्द्रीय कार्यालय समितिसमेत गठन गरेको छ । यसैगरी सङ्गठन विभागको प्रमुखमा केन्द्रीय कार्यकारिणी सदस्य राजेन्द्र श्रेष्ठलाई चयन गरेको छ भने विभागका सदस्यमा रेणु यादव र लाक्पा शेर्पा रहनुभएको छ ।

सङ्घीय मामिला तथा स्थानीय तह विभाग प्रमुखमा लालबाबु राउत तथा सदस्यमा शैलेन्द्र साह र सनबहादुर राई चयन हुनुभएको छ । सूचना, सञ्चार, विज्ञान तथा प्रविधि विभागमा मनिषकुमार सुमन तथा सदस्यमा लक्ष्मण हमागाईं र योगराज वनेम चयन हुनुभएको केन्द्रीय प्रचार विभाग प्रमुख बस्नेतले बताउनुभयो ।

यसैगरी नवलकिशोर साहलाई आर्थिक विभागको सदस्यमा चयन गरिएको छ भने युवा, विद्यार्थी तथा खेलकुद विभागको प्रमुखमा रमेशबाबु श्रेष्ठ रहनुभएको छ । विभागको सदस्यमा विदेश्वर यादव, दीपक दोर्जे लामा र वीरेन्द्र प्रधान सदस्य रहनुभएको छ ।

महिला विभागमा लीला सिटौला, सदस्यमा उर्मिला साह, मञ्जु अन्सारी, विनिता यादव, किरण साह, निर्मला यादव, भगवती सुवेदी, रेणुका सिंह, अञ्जना शेर्पा, शोभा बज्राचार्य र कमला विश्वकर्मा चयन हुनुभएको सो पार्टीले जनाएको छ । केन्द्रीय सदस्य मनोरञ्जन गोइतमाथि गरिएको अनुशासनात्मक कारबाही फुकुवा गर्ने निर्णय गरेको केन्द्रीय प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख बस्नेतले जानकारी दिनुभयो ।

## आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# आत्महत्याका समस्याको समाधान होइन्

केही महिना अघि सप्तरीमा दिनहुँजसो आत्महत्याका घटना सार्वजनिक हुँदै आएको थियो । प्रहरीको तथ्याङ्कलाई हेर्ने हो भने महिनामा कम्तिमा १० वटा त्यस्ता घटनाहरु हुने गरेको देखिएको छ । विगत दुई महिनायता त्यस्तो कुनै अप्रिय घटना सुनिएन् । तर, साउन महिनाको अन्तिम साता एकाएक आधा दर्जन त्यस्ता घटना पुनः घटेको छ। यस्ता घटनालाई निरुत्साहित गर्न प्रहरीले अभियान नै चलाएको थियो ।

जिल्लामा यस्ता घटनाहरु बढ्नुमा विभिन्न पारिवारिक समस्या, प्रेम, ऋण कर्जालगायतका देखिएको छ । कतिपयले मृत्यु नै अन्तिम विकल्प ठान्ने गरेका छन् भने कतिपय शिक्षामा असफलता, प्रेम सम्बन्धमा असफलता, बेरोजगारी लगायतका कारणले पनि यस्तो बाटो रोज्ने गरेको पाइएको छ । गत आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार विष सेवन, झुण्डिएर, पोखरी र नदीमा हामफालेर तथा आगो लगाएर आत्महत्या गर्नेको संख्या एक सय भन्दा बढी छ। यस्तै आ.ब. २०७७/०७८ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय १५ जनाले ज्यान गुमाएका थिए भने २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

यसरी आत्महत्याका घटनालाई निरुत्साहितका लागि सरोकारवाला निकाय, स्थानिय तथा प्रहरी प्रशासनको चासो बढेको छ। यी घटनालाई निरुत्साहित गर्न जनचेतनाका साथै आत्मबल बढाउने खालको अभियान चलाउनु पर्ने देखिन्छ । तसर्थ यसका लागि स्थानिय तह तथा परिवारका सदस्यहरु समेत जागरुक हुनु आवश्यक छ ।

# समाजको महारोग बन्दैछ भ्रष्टाचार

**कृष्णहरि बास्कोटा (रासस)**
काठमाडौँ, ५ भदौ ।

नेपालमा भ्रष्टाचार सामाजिक महारोगका रूपमा देखिएको छ । भ्रष्टाचारले समाजमा गहिरो रूपमा जरा गाडेको छ । यसले सामाजिक मान्यता पाएको आभाष हुनु निकै पीडादायी छ । यथार्थमा मुलुकमा सुशासन प्रवर्द्धन गर्न मुख्य अवरोधका रूपमा भ्रष्टाचार रहेको छ । यसका कारण भ्रष्टाचार नियन्त्रण गरी सुशासन, सदाचार र विधिको शासन कायम गर्न जारी भएका कानुनहरू कागजको खोस्टोसरह महसुस हुन थालेका छन् । भ्रष्टाचारका कारण राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनैतिक क्षेत्रमा गहिरो ढङ्गले नकारात्मक असर परिरहेको छ ।

समाज बिस्तारै आफ्नो मूल्य र मान्यताबाट स्खलित हुँदै गएको भान बढ्न थालेको छ । विशेषगरी, सार्वजनिक र निजी क्षेत्रमा भ्रष्टाचारले बलियो जरा गाडेर बसेको छ । यसमा गैरसरकारी संस्था पनि जोडिएलान् भन्ने भय छ । भ्रष्टाचार नैतिक मान्यता र मूल्य विपरीत त छँदैछ, यसले इमान्दारिता र विश्वासलाई निस्तेज तुल्याउँदै, पद, अधिकार र शक्तिको दुरुपयोगलाई मलजल गर्छ । यसले मुलुकमा स्थापित सङ्घीय शासन प्रणाली, गणतन्त्र र लोकतन्त्र उपर नै प्रत्यक्ष र परोक्षरूपमा औँला उठाउने स्थानमा पुऱ्याउन खोजिरहेको छ । यसर्थ यसको समूल नष्ट गर्ने हिम्मत गर्नुको विकल्प छैन ।

नेपालले संयुक्त राष्ट्र सङ्घको सक्रिय सदस्य राष्ट्रको नाताले १४ डिसेम्बर सन् २००५ देखि लागू भएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई २३ फेब्रुअरी सन् २०११ मा अनुमोदन गरी सो महासन्धिको पक्ष राष्ट्र बनेको छ। यसअनुसार नेपाल सरकारले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनासमेत निर्माण गरी कार्यान्वयनमा ल्याएको धेरै भयो । यसको कार्यान्वयको समीक्षा गरी नयाँ कार्ययोजना पुनःलेखन गर्नुपर्ने अवस्था आएको छ। यदि हामी भ्रष्टाचार नियन्त्रणमा कठोर हुन सकेनौँ भने भावी पुस्ताले ठूलो सजाय भोग्नेछन् ।

भ्रष्टाचार नियन्त्रणका लागि अदालत, संवैधानिक आयोग, नियामक निकाय र सरकारी कार्यालयहरू क्रियाशील छन् । यी निकायहरू भ्रष्टाचार नियन्त्रणका लागि निदानात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र सङ्गठनात्मक क्षमता विकासमा लागिपरेका छन् । प्रत्यक्ष र परोक्षरूपमा यो विषयलाई स्कुल र कलेजको पाठ्यक्रममा समेट्न थालिएको छ । यो विषय विश्वव्यापी बहसमा छ । यसकै कारण सरकारहरू ढल्ने र नयाँ सरकार गठन हुने गरेका छन् । सदाचारिताबाटै कैयौँ पदाधिकारीले उचाइ लिएका छन् भनै कैयौँ प्रख्याति कमाएका मानिसहरू पनि भ्रष्ट्राचारमा संलग्न भएको कारण धुलो झैँ बढारिएका छन् । तथापि, आम मानिसमा भ्रष्टाचार विरोधी ऊर्जा पैदा भइरहेको छैन । अवसर नपाउन्जेल प्रायः धेरै मानिस सदाचारी देखिने र मौका आएपछि साख गुमाउनेको सङ्ख्या अत्यधिक देखिइनु समाजको विकृत रुप बनेको छ ।

नेपालको भ्रष्टाचारसम्बन्धी कानुनले सार्वजनिक पदमा बसेर रिसवत् लिने दिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दानदातव्य, उपहार वा चन्दा लिने, कमिसन लिने, राजस्व चुहावट गर्ने तथा गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने पदाधिकारीलाई भ्रष्टाचारमा कारबाही चलाउने व्यवस्था गरेको छ । यसैगरी गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने तथा सरकारी, सार्वजनिक संस्थानको कागजात नोक्सान गर्नेलाई पनि भ्रष्टाचारमा संलग्न ठहर गर्दछ ।

यस अतिरिक्त, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षाको परिणाम फेरबदर गर्ने, गैरकानुनी व्यवसाय गर्ने, नपाएको ओहदा पाए भन्ने, झुट्टा विवरण दिने, सार्वजनिक सम्पत्तीको हानी नोक्सानी गर्ने, गैरकानूनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानूनीरूपमा सम्पत्ति आर्जन गर्ने, भ्रष्ट्राचारको उद्योग गर्ने र भ्रष्टाचारमा मतियार हुनेलाई पनि भ्रष्टाचारमा कारबाही हुने प्रबन्ध गरेको छ । तर, यी हर्कत निजी क्षेत्र वा गैरसरकारी क्षेत्र वा नागरिक तहबाट भएमा भ्रष्टाचार नठहरिने उदेकलाग्दो कानुन विद्यमान छ ।

भ्रष्टाचारलाई निस्तेज गर्न सक्ने औजार सुशासन नै हो । सुशासनका तीन आयामहरू छन् । पहिलो, सुशासनलाई राजनीतिक परिवेशमा नियाल्दा अत्यधिक जनसहभागिता, निष्पक्ष निर्वाचन र बहुलतावाद नै प्रमुख तत्वका रूपमा देखा पर्दछन् । दोस्रो, सुशासनको व्यवस्थापकीय आयामभित्र छरितो तर सक्षम सरकारको भावना मुखरित भएको हुन्छ । तेस्रो, सुशासनको नैतिक आयामभित्र पारदर्शिता र स्वच्छ प्रशासनको भावना लुकेको हुन्छ । यसलाई आत्मसात् गरी कार्यान्वयनमा खरो उत्रिन सके पनि भ्रष्टाचार अन्त्य गर्न सकिने थियो ।

मुलुकमा सुशासन ऐन विद्यमान छ । यस ऐनका प्रमुख प्रावधानहरूमा कुनै पनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्ने, निश्चित समयमा निर्णय गर्ने, निर्णयको पारदर्शिता कायम गर्ने, निर्णयको आधार र कारण खुलाउने तथा स्वार्थ बाझिएको विषयमा निर्णय नगर्ने व्यवस्था छ । यसैगरी सार्वजनिक पदमा रहेकाले जिम्मेवारी नपन्छाउने, पदीय आचरण पालना गर्ने, पदीय उत्तरदायित्व निर्वाह गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने र घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था छ । यस अतिरिक्त, सार्वजनिक सुनुवाइ गर्नु गर्ने, गुनासो व्यवस्थापन गर्ने लगायतको प्रबन्ध गरेको छ । यी कानुनी प्रावधानको हुबहु कार्यान्वयन गर्न सुशासन आयोग निर्माण गर्न जरुरी महसुस भएको छ ।

भ्रष्टाचार न्यूनीकरण गर्नकै खातिर मुलुकमा सूचनाको हकसम्बन्धी ऐन पनि जारी भएको छ । यस ऐनका प्रमुख प्रावधानहरूमा प्रत्येक कार्यालयले आफूले सम्पादन गरेका कामहरू तीन/तीन महिनामा सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने, नागरिकले माग गरेको सूचना कानुनको तोकिएको अवधिभित्र उपलब्ध गराउने र सूचना प्रवाहमा दक्षता अभिवृद्धि गर्न कर्मचारीलाई नियमितरूपमा तालिम कार्यक्रमको आयोजना गर्ने व्यवस्था छ । यसैगरी, सूचना प्रवाहका लागि आमसञ्चार माध्यमको प्रयोग गर्ने, नागरिकलाई अनुकूल हुने भाषामा सूचना प्रवाह गर्ने र सूचनाको हकमार्फत नागरिकले अनुभूति गरेका कुनै पनि विषयमा सोध्ने, जान्ने र सेवा प्राप्त गर्ने हकको प्रचलनमा आम नागरिकलाई अभ्यस्त तुल्याउने कानुनको मनसाय भए पनि सार्वजनिक पदाधिकारीहरू नै यस कानुनको खिलापमा उभिइनु हाकाहाकी भ्रष्ट्राचारको पक्षमा वकालत गर्नुसरह हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रत्येक वर्ष 'करप्सन परसेप्सन इन्डिकेटर' जारी गर्ने गरेको छ । यसमा नेपालले सयमा गतवर्ष ३४ अङ्क हासिल गरी विश्वमा भ्रष्टाचार नहुने मुलुकको पङ्क्तिमा एक सय १०औँ स्थान हासिल गरेको छ । यो परिणाम स्वयंमा भयावह छ । तर यसप्रति कम चासो दिइएको छ । यस संस्थाले मूलतः १० वटा सूचकाङ्कका आधारमा भ्रष्टाचारको स्तर मापन गर्छ । यसअनुसार पहिलो, सरकारको उत्तरदायित्व हो अर्थात् सरकार जनताप्रति कति उत्तरदायी ढङ्गले प्रस्तुत हुन्छ भन्ने हो । दोस्रो, सरकारी कर्मचारीको जवाफदेहिताको स्थिति कस्तो छ ? तेस्रो, सार्वजनिक क्षेत्रमा विद्यमान भ्रष्टाचारको म्यापिङ भयो भएन ? भनी हेरिन्छ । चौथो, भ्रष्टाचारको मात्रा कुन हदमा छ भनेर जाँचिन्छ । पाँचौँ भ्रष्टाचार विरोधी कारबाही कुन हदमा भइरहेको छ र उपलब्धि अपेक्षित छ छैन ? भनी विश्लेषण हुन्छ । छैटौँ, सरकारी कारबाहीको प्रवृत्ति र नियन्त्रणकारी क्षमताको मापन गरिन्छ । सातौँ, प्रशासनिक भ्रष्टाचारको स्थितिमाथि दृष्टि राखिन्छ । आठौँ, सार्वजनिक पदको दुरुपयोगको स्थिति जाँच्ने काम हुन्छ । नवौँ, सेवा प्रवाहमा अनिमियतताको स्थिति मूल्याङ्कन गरिन्छ । दशौँ, अदालतको निर्णयमा पर्ने गरेको प्रभावबारे विश्लेषण हुन्छ । यति कुरामा सुधार गर्ने गरी कार्ययोजना निर्माण गरी वारपार हुने गरी काम गरिएमा भ्रष्टाचारको मात्रा ह्वात्तै तल ओर्लिने पक्का छ । यस्का लागि इच्छा शक्ति र काम गर्ने ढङ्गको जरुरत छ ।

नेपालमा दुई प्रकारका भ्रष्टाचार भइरहेका छन् । पहिलो पोलिसी करप्सन (नीतिगत भ्रष्टाचार) हो । यसलाई अधिकारको दुरुपयोग गरी गरिने भ्रष्टाचारका रूपमा बुझिन्छ । यसमा आफूलाई लाभ पुग्ने र राष्ट्रलाई नोक्सानी पुऱ्याइन्छ । विभिन्न नीतिद्वारा अमूक उद्योग र व्यापारको प्रवर्द्धनका नाममा छुट सुविधा घोषणा गरिन्छ । आफ्नालाई लाभ पुग्ने ध्येयले ऋण प्रवाह गर्ने, ब्याज माफी गर्ने लगायतको हर्कत गरिन्छ । अधिकार प्राप्त अधिकारीले स्वविवेकी अधिकारको दुरुपयोग गर्छन् । राष्ट्रको ढुकुटीबाट व्यक्तिलाई लाभ पुग्ने गरी राहत, अनुदान, सहायता दिन्छन् ।

दोस्रो, पेटी करप्सन (प्रत्यक्ष आर्थिक भ्रष्टाचार हो । यसमा आर्थिक अनिमियतता गरिन्छ । सरकारी खरिदको बिलमा रकम वृद्धि गर्ने, खरिदमा मुलाहिजा गर्ने, कम गुणस्तरको सामान खरिद गर्ने, खरिदको सङ्ख्यामै कमी गर्ने लगायतका निकृष्ट कार्य गरिन्छ । मिलेमतोमा ठेक्का लगाइन्छ । सेवाग्राही जनतासँग रिसवत् लेनदेन गरी गैरकानूनी काम गरिन्छ । नागरिकबीच विभेद पुऱ्याइन्छ । हुने काम नहुने र नहुने काम हुने बनाइन्छ । यस्तो कार्य जन्मदेखि मृत्यपर्यन्तको क्रियाकलापमा हुन्छ । यसले मुलुकको अन्तर्राष्ट्रिय छवि धुमिल हुन्छ । सार्वजनिक पदाधिकारीप्रति आम जनताको आक्रोश बढ्छ । मुलुकको समृद्धिको यात्रालाई अघि बढ्न दिँदैन । यसर्थ, हामी सबैले आ-आफ्नो स्थानबाट भ्रष्टाचारको विपक्षमा मन, वचन र कर्मले खरो उत्रिनुको विकल्प छैन । *(लेखक नेपाल सरकारका पूर्वसचिव तथा राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# संविधानको जिम्मेवारी कसरी पूरा गर्न सकिन्छ भन्नेमा सधैं चिन्तित छु : राष्ट्रपति

काठमाडौँ, ५ भदौ (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको पालना, संरक्षण र राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने जिम्मेवारी नेपालको संविधानले राष्ट्रपतिलाई दिएको उल्लेख गर्दै संविधानमा रहेको यो जिम्मेवारी कसरी पूरा गर्न सकिन्छ भन्नेमा आफू सधैँ चिन्तित रहेको बताउनुभएको छ।

उहाँले मंगलबार आफैले बोलाउनुभएको सर्वदलीय बैठकमा संविधान र राजनीतिक प्रणालीप्रति नै खेलबाड हुन खोजेको हो कि भन्ने आभास हुन थालेको छ भन्नुभयो। बैठकमा उहाँले यसले गर्दा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको संवैधानिक मर्म र भावनाअनुसार हामी हिँड्न सकेका छौँ कि छैनौँ भनेर पनि सोच्नुपर्ने बेला भएको बताउनुभएको उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "यो मैले एक्टिभिज्म देखाउन खोजेको होइन। म पनि लोकतन्त्रका लागि धेरै दुःख पाएको कार्यकर्ता हुँ। त्यसैले राष्ट्रप्रतिको यो मेरो चिन्ता हो। विभिन्न कारणले तपाईंहरू सबैसँग भेट पनि हुनसकेको थिएन। तपाईंहरूसँग भेटेर राष्ट्रको चिन्ता गरौं भन्ने पनि थियो।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनका लागि आवश्यक र महत्त्वपूर्ण कानुन बन्न नसकेको भनेर चौतर्फी प्रश्न उठिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सत्य निरुपण, बेपत्ता तथा मेलमिलापसम्बन्धी कानुनी विषय अझै टुङ्गोमा पुग्न सकेको छैन। यतिबेला यो विषय टुङ्ग्याउन सकिएन भने जनताले खोजेको शान्तिको चाहना पूरा हुन सक्दैन।"

नेपाललाई 'ग्रे लिस्ट'मा एक वर्षका लागि राख्ने स्थिति अर्को चिन्ताको विषय भएको जनाउँदै उहाँले सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन यथाशीघ्र पारित गरेर नेपाललाई कालोसूचीबाट जोगाउने पहलकदमी लिनु सबैको साझा दायित्व हो भन्ने आफूलाई लागेको उल्लेख गर्नुभयो।

देशको आर्थिक अवस्थामा शिथिलता देखिएको स्थितिमा सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन समयमा पारित गर्न सकिएन भने नेपालमा आउने विदेशी लगानी रोकिन सक्ने र नेपालको साख अन्तर्राष्ट्रिय जगत्मा गिर्न सक्नेतर्फ सचेत भएर ती कानुन बनाउन उहाँले आग्रह गर्नुभयो।

"जनताका यावत समस्याको समाधान गर्ने सार्वभौम थलो संसद् लामो समयदेखि अवरुद्ध हुँदा जनताका आवाज मुखरित हुने काम बन्द हुन्छ भन्ने सर्वत्र चिन्ता प्रकट भइरहेका बेला सबै दलहरूको आपसी संवाद र प्रयत्नले सहमतिको नजिक पुगेको भन्ने खबरबाट सन्तोष मिलेको छ। यो सहमतिको प्रयत्नले तत्काल सार्थकता पाएर अवरुद्ध संसद् सञ्चालन हुने छ भन्ने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो।

यदाकदा दलहरूबीच विवाद, द्वन्द्व र तिक्तता देखापर्ने गरे पनि राष्ट्रिय स्वार्थ र हितका लागि वार्ता, संवाद र छलफलबाट निकासमा पुग्नुपर्ने उल्लेख गर्दै उहाँले लोकतन्त्रको सुन्दर पक्ष भनेकै यही रहेको र दलहरूले विगतमा विषम परिस्थितमा पनि संवादकै माध्यमबाट समस्या सुल्झाएका कैयौं उदाहरणहरू छन् भन्नुभयो।

सधैँ आपसी संवाद, वार्ता र छलफलबाट समस्याको निकास निकाल्न सबै राजनीतिक दलहरू अग्रसर होउन भन्ने आफ्नो सदिच्छा रहेको बताउँदै उहाँले जनताको अपेक्षा पनि यही रहेको उल्लेख गर्नुभयो। सुशासनका पक्षमा हामी दह्रोसँग उभिन नसक्दा समाज नै भ्रष्टीकरणतर्फ उन्मुख हुने हो कि भन्ने सर्वत्र चिन्ता भइरहेका बेला सार्वभौम संसद् सुशासन प्रत्याभूत गराउन सबैलाई बाध्य पार्ने थलो हो भनेर सिद्ध गर्न उहाँले सबैलाई आग्रह गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "राष्ट्रिय सुरक्षा, बेरोजगारी तथा भ्रष्टाचार नियन्त्रण, आर्थिक विकास तथा परराष्ट्र नीतिजस्ता मुलुकका साझा दायित्व र जिम्मेवारीमा यहाँहरू सबैको समान दृष्टिकोण होस् भन्ने मेरो धारणा छ। हाम्रो जिम्मेवारी सही ढङ्गले पूरा गर्न सकेनौँ र जनताको अपेक्षालाई उपेक्षा गरिरह्यौँ भने हामीले अवलम्बन गरेको सर्वोत्कृष्ट व्यवस्था हुँदाहुँदै पनि जनतामा यसप्रति नै नैराश्यता उत्पन्न हुने भएकाले यसतर्फ सचेत रहन सबैको ध्यानाकृष्ट गराउन चाहन्छु।"

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले' संविधानको रक्षा र कार्यान्वयन तथा जनताले चाहेजस्तो गरी संसद् सञ्चालन होस् र यसमा राजनीतिक दलहरूको बीचमा समझदारी बनोस् भन्ने राष्ट्रपतिको शुभेच्छा सकारात्मक रहेको बताउनुभएको थियो। उहाँले यसमा कसैले विमति राख्नुपर्ने कारण नभएको जनाउँदै आफूहरू निरन्तर छलफलमा रहेको उल्लेख गर्नुभयो। संसद् सञ्चालन गर्ने सहमतिको करिब-करिब नजिक पुगेका बताउँदै प्रधानमन्त्री दाहालले राष्ट्रपतिको शुभेच्छाप्रति आभार व्यक्त गर्नुभयो।

बैठकमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता प्रदीप यादव, जनमत पार्टीका अब्दुल खाँलगायत सहभागी हुनुहुन्थ्यो।

## सदन अवरोध नगर्न राष्ट्रियसभामा आवाज

काठमाडौँ, ५ भदौ (रासस)।

राष्ट्रियसभाको मंगलबारको बैठकमा सांसदहरूले सदनको गतिरोध लामो समय राखिएकामा चिन्ता व्यक्त गर्दै भ्रष्टाचार नियन्त्रण र जनतालाई सेवा दिने विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

बैठकमा दलीय आधारमा समसामयिक विषयमा धारणा राख्दै नेकपा (माओवादी केन्द्र) का सुरेश आलेमगरले सदनमा प्रतिपक्षले मात्रै अवरोध गर्ने संस्कारको अन्त्य हुनुपर्ने बताउनुभयो। नेकपा (एमाले) का देवेन्द्र दाहालले एक भारतीय विवादित बाबालाई नेपालमा अनावश्यक सम्मान दिइएको र मन्त्रीहरू नै उहाँलाई भेट्न होटलमा लाइन लागेर गएको भन्दै विरोध व्यक्त गर्नुभयो।

सभाको मंगलबार अन्य कुनै कारवाही भएन। राष्ट्रियसभाको अर्को बैठक यही भदौ १० गते आइतबार दिउँसो १: ०१ बजे बस्नेछ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# विश्व समाचार

## पूर्वप्रधानमन्त्री सिनावात्रालाई ८ वर्ष जेल

ब्याङ्कक, ५ भदौ (रासस/एएफपी)।

थाइल्याण्डको सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रालाई आठ वर्षको जेल सजाय सुनाएको छ।नेता सिनावात्रालाई उहाँको अनुपस्थितिमा अदालतले तीन वटा अभियोगमा दोषी ठहर गर्दै आठ वर्षको कारावासको सजाय मंगलबार सुनाएको हो। नेता सिनावात्रामाथि सत्तामा रहँदा शक्तिको दुरुपयोग गरेको, गैरकानूनी रूपमा सरकारी ब्याङ्कलाई विदेशी ऋण जारी गर्न आदेश दिएको तथा मनोनित व्यक्तिमार्फत अवैध रूपमा शेयर राखेको कसूरमा दोषी ठहऱ्याइएको अदालतले जनाएको छ। थाइल्याण्डको विभाजनकारी नेताको उपमा पाएका सिनावात्रा १५ वर्षका निर्वासित जीवनपछि स्वदेश फर्केको केही घण्टामा नै जेलमा पर्नुभएको छ। पूर्वप्रधानमन्त्री थाक्सिनको राजनीतिक दल फेउ थाईका सदस्य एवं धनाढ्य व्यापारी श्रेथा थाविसिनलाई प्रधानमन्त्रीका रुपमा चयन गर्ने तयारी भएका बेला अदालतबाट कारावासको सजाय भएको छ। चौहत्तर वर्षीय थाक्सिनलाई अदालतले जेल सजाय सुनाए पनि उहाँ कति दिन बन्दी बन्नुहुनेछ भन्ने स्पष्ट नभएको अधिकारीहरूले बताएका छन्।

## ६ जना बालबालिकासहित तुईनमा आठ जना अड्किएपछि ...

इस्लामावाद, ५ भदौ (रासस/एएफपी)।

पाकिस्तानको खैवरपख्तुनख्वा प्रान्तको एक विकट पहाडी गाउँमा दुई जना वयस्कसहित छ जना बालबालिका तुईनमा अड्किएका छन्। विद्यालय हिँडेका बालबालिका समुद्र सतहबाट एक हजार दुई सय फिटको उचाइमा तुईन अड्किएपछि उद्धारको प्रतीक्षामा छन्। मंगलबार बिहान सात बजे चलिरहेको तुईन एक्कासी बन्द भएपछि उनीहरूको उद्धार हुन सकेको छैन। एउटै डोरीमा तुईन अड्किएको तथा त्यसमा छ जना बालबालिकासहित दुई जना वयस्क रहेका प्रान्तीय उद्धार तथा खोज केन्द्रले पुष्टि गरेको छ। हेलिकप्टरबाहेक कुनै पनि माध्यमबाट उनीहरूको उद्धार हुन नसक्ने विषय परिस्थिति उत्पन्न भएको जनाउँदै एक जना सुरक्षा अधिकारीले पाकिस्तानी सेनासमक्ष अनुरोध गरिएको बताएका छन्। स्थानीय टेलिभिजनले प्रसारण गरेको दृश्यमा सैनिक हेलिकप्टरले घटनास्थलको अवलोकन गरेको देखिन्छ। यद्यपि पीडितहरूलाई उद्धार नगरी त्यो अन्यत्र उडेको छ। ६ घण्टादेखि बालबालिका अड्किएका तथा एक जना बेहोस भएको तुइनमा रहेका वयस्कमध्येका एक गुजफ्राजले टेलिभिजन च्यानल जिओ न्युजलाई फोनमार्फत बताएका छन्। प्रान्तीय उद्धार केन्द्रका वरिष्ठ अधिकारी जुल्फिकर खानले तुईन अड्किएको स्थानमा हेलिकप्टरबाहेक केही पुग्न नसक्ने बताउँदै प्रान्त सरकारसँग पनि हेलिकप्टर उपलब्ध गराउन अनुरोध गरिएको बताएका छन्।

## पुनर्निर्माणमा सरकारलाई सघाउन धेरै अफगान शरणार्थी घर फर्किए

काबुल, ५ भदौ (रासस/सिन्ह्वा)।

इरानबाट धेरै अफगान शरणार्थी स्वदेश फर्किएका छन्। बितेका दुई दिनमा छिमेकी देश इरानबाट दुई हजार चार सय ८२ अफगानी शरणार्थी स्वदेश फर्केका अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रालयले जनाएको छ। इरानमा वर्षौं शरणार्थीका रूपमा बसेकाहरूलाई स्वदेश फर्काउने प्रक्रियालाई उच्च प्राथमिकताका साथ जारी राखेपछि बितेका दुई दिनमा दुई हजार चार सय ८२ नागरिक आफ्नो मातृभूमि अफगानिस्तान फर्केका उक्त मन्त्रालयले मंगलबार एक विज्ञप्ति निकालेर बताएको छ। मन्त्रालयले आइतबार पाकिस्तानबाट ३७ जना अफगान शरणार्थीलाई स्वदेश फर्काएको जानकारी पनि दिएको छ। यो वर्षको प्रारम्भदेखि अहिलेसम्म ६० हजारभन्दा बढी अफगान शरणार्थी इरानबाट स्वदेश फर्किएका छन्।पच्चीस लाखभन्दा बढी अफगान शरणार्थी इरानमा वैधानिक रुपमा बस्दै आएका छन् र त्यति नै सङ्ख्यामा अफगान शरणार्थी पाकिस्तानमा रहेका छन्। अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका आफ्ना नागरिकलाई स्वदेश फर्केर दशकौंको युद्धले तहसनहस देशको पुनर्निर्माणमा योगदान दिन आह्वान गर्दै आएको छ।

## हवाई डढेलोमा एक सय पन्ध्र जनाको मृत्यु

माउई, (हवाई), ५ भदौ (रासस/सिन्ह्वा)।

युक्त राज्य अमेरिकाको हवाई राज्यको माउई जङ्गलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलदा त्यसमा परेर ज्यान गुमाउनेको सङ्ख्या एक सय १५ पुगेको छ। माउ काउन्टीले मंगलबार जारी गरेको पछिल्लो विवरणअनुसार आठ सय ५०जना अझै हराइरहेका छन् भने खोजी तथा उद्धारका प्रयासलाई निरन्तरता दिइएको छ। आगोको चपेटामा परेका सबै एकतले आवासीय भवनमा खोज जारी छभने अबको खोज बहुतले आवासीय र व्यावसायिक भवनमा हुने माउईका प्रमुख रिचर्ड बिसेनले बताएका छन्। राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले लहाइनाको आग्निप्रभावित क्षेत्रको भ्रमण गरेर पीडितहरूलाई सात्वाना दिनुभएको छ। राष्ट्रपतिले आगोले सखाप पारेका स्थानको पुनर्निर्माणमा सङ्घीय सरकारबाट सबै सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। अग्निपीडित समुदायलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "हामी यी पवित्र स्थल र यहाँको परम्पराको सम्मान गर्छौं र माउईका जनताले निर्माण गर्न चाहेअनुरुप पुनर्निर्माण गर्नेछौं।" प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ। दशकौंपछि भएको यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन्। सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए।

# प्रादेशिक अस्पताल जनकपुरधाममा मुटु रोगको उपचार सुरु

महेन्द्रनगर (धनुषा) ५ भदौ (रासस) ।
प्रादेशिक अस्पताल जनकपुरधाममा मुटु रोगको उपचार सुरु भएको छ । यसअघि गङ्गालाल हृदय रोग केन्द्रमा मात्र उपचार हुने गरेको मुटु रोगको उपचार सोमबारदेखि प्रादेशिक अस्पताल जनकपुरधाममा सुरु भएको निर्देशक डा रामनरेश पण्डितले बताउनुभयो ।

लामो समयदेखि जनशक्तिको अभावले मुटुको परीक्षण गर्ने इन्डोस्कोपी मेसिन थन्किएकोमा शिक्षण अस्पताल महाराजगञ्जबाट चिकित्सक डा निश्चल साह आउनुभएपछि मुटुको उपचारसम्बन्धी सेवा सुरु भएको डा पण्डित बताउनुभयो । ओपिडी सेवा आइतबारदेखि शुक्रबारसम्म हुने भएको पनि प्रादेशिक अस्पतालले जनाएको छ । डा पण्डितले भन्नुभयो, “इन्डोस्कोपी मेसिन जनशक्तिको अभावले करिब एक वर्षदेखि थन्किएर बसेको थियो ।”

अहिले जनशक्ति आएसँगै सेवा सुरु भएपछि उपचार गराउन आउनुभएका ५० वर्षीय दुखी यादवले खुसी प्रकट गर्नुभयो । मुटुको सम्पूर्ण अवस्थाका विषयमा इसीजी तथा इन्डोस्कोपी गरेर जानकारी लिन सकिने डा निश्चल साहले बताउनुभयो । मधेस प्रदेशको गौरवको योजनाअन्तर्गत रहेको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालनमा रहेको प्रादेशिक अस्पताल जनकपुरधामको सेवाप्रति प्रश्न उठ्ने गरे पनि नयाँ नयाँ रोगको उपचारका लागि आएका मेसिन सञ्चालनमा ल्याइएपछि स्थानीयबासी खुसी भएका छन् ।

त्यस्तै नसासम्बन्धी समस्या पत्ता लगाउनका लागि खरिद गरिएको इएमजी मेसिन पनि सञ्चालनमा आएको छ । यसले नसा च्यापिएको भए पनि सजिलै पत्ता लागेर समाधानका लागि उपचार गर्न सकिने प्राविधिक कर्मचारी वीरेन्द्रकुमार यादवले बताउनुभयो । यसका साथै अस्पतालमा मानसिक रोगको प्रभावकारी उपचारका लागि परीक्षणका लागि खरिद गरेर ल्याइएको इइजी मेसिन पनि सञ्चालनमा आएको छ । यसका साथै फोक्सोको अवस्थाका विषयमा परीक्षणका लागि आएको पिएफटी मेसिन पनि सञ्चालनमा आएको छ ।

### *आँखा पाक्ने ...*

दिनुभयो । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट नमूना सङ्कलन गरिएको थियो ।

यसअघि प्रयोगशालाले गरेको नमूना परीक्षणमा एडिनो भाइरस देखिएको थियो । यस्तै प्रयोगशालाले सातवटै प्रदेशमा रहेका अस्पतालबाट आँखा पाक्ने रोगको भाइरसको नमूना सङ्कलन गरेर पठाउन आग्रह गरेको छ । प्रयोगशालाले नेत्र ज्योति सङ्घलाई प्रत्येक प्रदेशबाट एक सय ५० नमूना सङ्कलन गरेर पठाउन निर्देशन दिएको सूचना अधिकारी जैसीले जानकारी दिनुभयो ।

आँखा पाक्ने रोगका लक्षण आँखा रातो हुनु र चिलाउने, आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने, आँखाको ढकनी रातो हुनु, सुन्निने, आँखा बिझाउने/दुख्ने र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुनेजस्ता समस्या भाइरल कन्जङ्क्टिभाइटिसमा हुने गर्दछ ।

भाइरल कन्जङ्क्टिभाइटिस सङ्क्रमण भएपछि जथाभावी आँखा नछुने, आँखा छुनु परेमा साबुन पानीले राम्ररी हात धुने गर्नुपर्दछ । यस्तै बाहिर घाममा निस्कँदा कालो चस्मा प्रयोग गर्ने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने जस्ता स्याहार आँखाको गर्नुपर्दछ ।

# इष्टर्न ज्योति प्रथम



**दैनिक समाचारदाता राजविराज, ५ भदौ ।**
नेशनल प्याब्शन सप्तरीको आयोजनामा मंगलबार सम्पन्न हाजिरी जवाफ प्रतियोगितामा इष्टर्न ज्योति सेकेन्ड्री स्कुल भारदह प्रथम भएको छ ।

राजविराजमा सम्पन्न उक्त प्रतियोगितामा जिल्लाका १२ वटा विद्यालयहरुको सहभागिता रहेको थियो ।

प्रतियोगितामा इष्टर्न ज्योति सेकेन्ड्री स्कुल भारदहका साक्षी झा, प्रशान्त लौगि र पवन राउतको सहभागिता रहेको विद्यालयले जनाएको छ ।

प्रथम भएका इष्टर्न ज्योति सेकेन्ड्री स्कुल भारदहले भदौ ९ गते बिरगंजमा हुने प्रदेश स्तरिय प्रतियोगितामा सहभागिता जनाउने विद्यालयका प्रिन्सिपल थानेश्वर प्रसाद साहले जानकारी दिए ।

# दुई वर्षभित्र सबैलाई आधारभूत स्वास्थ्यसेवा निःशुल्क : स्वास्थ्यमन्त्री बस्नेत

काठमाडौँ, ५ भदौँ (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले दुई वर्षभित्र सबै नागरिकलाई आधारभूत स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराउने योजना रहेको बताउनुभएको छ ।

औषधि व्यवस्था विभागले आयोजना गरेको फर्मासिष्ट व्यवसायीहरूका लागि कुशल फार्मेसी सञ्चय भण्डार एवं अभ्याससम्बन्धी ‘क्षमता अभिवृद्धि तालिम’को अवसरमा मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा अन्य विभिन्न शीर्षकका बजेट घटाएर भए पनि नागरिकलाई आधारभूत स्वास्थ्यसेवा निःशुल्क र प्रभावकारीको पहुँच अभिवृद्धि गरिने स्पष्ट पार्नुभयो ।

“मैले दुई वर्षभित्रमा हालकै स्रोतसाधन, चुहावट नियन्त्रण, फजुल खर्च र अनुत्पादक क्षेत्रको रकम कटौती गरेर भए पनि जनताको आधारभूत स्वास्थ्य सेवा निःशुल्क र प्रभावकारी बनाउने विषयमा जोड दिएको छु”, स्वास्थ्यमन्त्री बस्नेतले भन्नुभयो, “हामी सबै ठीक ढङ्गले काम गर्न सक्यौँ भने मन्त्रालयको हालकै स्रोत र साधनबाट धेरै काम गर्न सकिन्छ ।”

मन्त्री बस्नेतले अहिले पनि देशभर गरिब, निमुखा र असहाय नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न आफू लागिपरेको भन्दै समाजमा त्यस्ता समस्यामा परेका व्यक्ति भए सम्पर्क गराइदिन पनि अनुरोध गर्नुभयो ।

उहाँले स्वास्थ्य क्षेत्रको बेथिति सुधार गरी जनतालाई सरल र सहज रूपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा कुनै सम्झौता नहुने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “धेरै स्वास्थ्यकर्मी दुर्गम गाउँसम्म नपुगेको सुगममा काज लिएको भन्ने गुनासो छ, भनसुन र पहुँचका आधारमा अब त्यो चल्दैन, बेथिति अन्य गरी थिति बसाल्न सबै लागौँ स्वास्थ्यकर्मीलाई गाउँसम्म पुऱ्याउने अभियानलाई निरन्तरता दिन्छु ।”

मन्त्री बस्नेतले हाल वीर अस्पतालमा लागू गरिएको बिहान ८ बजेदेखि सुरु हुने ओपिडी सेवा क्रमशः देशभर विस्तार गर्ने योजना रहेको पनि जानकारी दिनुभयो । स्वास्थ्यमन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा बेथिति मौलाएको, मानवीय स्वास्थ्यमा जोखिम बढ्दो क्रममा रहेको भन्दै यसलाई नियन्त्रण गर्न सबै सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले फार्मेसी सञ्चालन र भण्डारण पारदर्शी नभएको कतिपय औषधि कम्पनीले दर्ता र नवीकरण नगरेको र मापदण्डअनुरुप बिक्री वितरण नगरेको पाइएकाले मन्त्रालयले अनुगमन र नियमनको कामलाई प्रभावकारी बनाउने बताउनुभयो ।

मन्त्री बस्नेतका अनुसार मन्त्रालयले हालै काठमाडौँ उपत्यकामा एक सय फार्मेसी अनुगमन गर्दा एउटा फार्मेसी मात्रै मापदण्ड अनुसार सञ्चालन भएको पाइएको बताउनुभयो । औषधिजस्तो संवेदनशील विषयको लापरबाही तवरले बिक्री वितरणले मानवीय स्वास्थ्यमाथि खेलबाड भइरहेकाले यस्तो बेथिति नियन्त्रणका लागि मन्त्रालयले हदैसम्मको निर्णय लिने उहाँको भनाइ थियो ।

औषधी व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले औषधि ऐन २०३५ ले व्यवस्था गरेको उद्देश्य र मापदण्डअनुरुप औषधि बिक्री वितरण र भण्डारणलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागले अनुगमन र नियमनको कामलाई तीव्रता दिएको उल्लेख गर्नुभयो ।

विभागले गरेको अनुगमनका क्रममा धेरै औषधि पसल बिना दर्ता सञ्चालनमा पाइएको र लागुऔषध र दुर्व्यसनीसम्बन्धी औषधि जथाभावी रूपमा बिक्री वितरण गरेकोले त्यस्ता औषधि पसललाई आवश्यक कारबाही गरिएको बताउनुभयो ।

नेपाल औषधि व्यवसायी सङ्घका अध्यक्ष मृगेन्द्रमेयर श्रेष्ठले मूल्य एकरुपता कायम गरेर देशका कुनाकुनासम्म सहज रूपमा औषधि अभाव हुन नदिन सङ्घले पहल गरिरहेको जानकारी दिनुभयो । तीन दिने तालिममा फार्मेसी व्यवसायलाई चुस्तदुरुस्त तथा थप गुणस्तरीय बनाइ कुशल फार्मेसी, भण्डार र वितरण अभ्यासलाई प्रभावकारी बनाउने विषयमा विज्ञहरूले प्रक्षिण दिनुहुनेछ । तालिमले फार्मेसी सेवालाई स्तरोन्नत्ति गर्ने, मापदण्डअनुरुप सेवा विस्तार गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।

# ललिता निवास जग्गा हिनामिना प्रकरणबारे सिआईबीले बुझायो प्रतिवेदन

काठमाडौँ, ५ भदौ (रासस) ।
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणसम्बन्धी प्रतिवेदन मंगलबार जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँमा बुझाएको छ । जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि न्यौपानेले उक्त प्रकरणको अनुसन्धान प्रतिवेदन प्राप्त भएको जानकारी दिनुभयो ।

सिआइबीले उक्त प्रकरणमा संलग्न भनिएकाहरूसँग आइतबार राति पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा बाबुराम भट्टराईको बयान लिएको थियो भने सोमबार नेपाली कांग्रेसका नेता तथा पूर्व उपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वमन्त्री चन्द्रदेव जोशी, पूर्वराज्यमन्त्री सञ्जय साह (टक्ला) लगायतको बयान लिएको थियो ।

बालुवाटारस्थित ललिता निवास जग्गा व्यक्तिको नाममा गरी हिनामिना भएको विषय हाल विशेष अदालतमा विचाराधीन छ । सिआईबीले सरकारी जग्गा व्यक्तिको नाममा कायम गर्दा सरकारी कागजात तथा दस्तखत कीर्ते प्रकरणमा अनुसन्धान अगाडि बढाएको थियो ।


**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*